# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

**मितिः १८ अगस्त २०२५**

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- प्रधानमंत्री नरेंद्र मोदीले 22 अगस्तमा कोलकातामा मेट्रोको तीन नयाँ रूटहरुको उद्घाटन गर्नु हुनेछ। कार्यक्रममा राज्यकी मुख्यमन्त्री ममता ब्यनार्जी अनुपस्थित रहने पुष्टी,

- राज्यमा डेंगूको मामिलामा भारी बढ़ोतरी दर्ता गरिएको छ।

- 20% बोनसको मांग गर्दै कोलकातामा अनित थापाले श्रम मन्त्री मलय घटकसित भेट गर्नुभयो।

- हिजो दुइजना युवाहरूको पौडी खेल्ने क्रममा मृत्यु भएपछि सोनादा खोङ खोला पम्प हाउसका तीनजना सुरक्षा कर्मीहरूलाई दार्जीलिङ नगरपालिकाले  निलम्बित गरेको छ।

- आगामी २० अगष्ट "नेपाली भाषा मान्यता दिवस" को अवसरमा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको क्षेत्राधिकारअन्तर्गत रहने सबै शैक्षणिक संस्थाहरुमा बिदाको घोषणा गरिएको छ|

**प्रधानमन्त्री कलकत्ता भ्रमण**

प्रधानमंत्री नरेंद्र मोदीले 22 अगस्तमा कोलकातामा मेट्रोको तीन नयाँ रूटहरुको उद्घाटन गर्नु हुनेछ। उद्घाटनपछि प्रधानमंत्रीले मेट्रोमा यात्रा पनि गर्नु हुनेछ। प्रधानमंत्री नरेन्द्र मोदी ग्रीन लाइनको सियालदाह-एस्प्लेनेड खंड, ऑरेंज लाइनको हेमंत मुखोपाध्याय (रूबी चौराहा)-बेलेघाटा खंड अनि येलो लाइनको नोआपाड़ा-जय हिंद विमानबंदर (हवाई अड्डा) खंडको उद्घाटन गर्नु हुनेछ। केंद्रीय रेल मंत्री अश्विनी वैष्णवले उक्त समारोहमा राज्यकी मुख्यमंत्री ममता बनर्जीलाई पनि आमंत्रित गर्नुभएको छ। यस अवसरमा भाजपाका प्रदेश अध्यक्ष शमिक भट्टाचार्यले भन्नुभयो पूर्व-पश्चिम मेट्रो (ग्रीन लाइन) सहित बंगालमा रेलवेको 43 परियोजनाहरु भूमि अधिग्रहणको समस्याहरु अनि राज्य सरकारद्वारा असहयोगको कारण ढिलाई भइरहेको छ। यी तीन मेट्रो रूट शुरू भएपछि कलकत्ता अनि वरिपरिका यात्रीहरुलाई ठुलो राहत मिल्नेछ। यसले आम नागरिकहरुको दैनिक यातायातमा सुविधा हुनेछ।  प्रधानमन्त्रीको यो भ्रमणलाई 2026 को चुनावको अभ्यासको रुपमा राजनीतिक परिवेक्षकहरुले हेरिरहेका छन।

**ममता ब्यनार्जी**

मुख्यमंत्री ममता बनर्जी 22 अगस्तको दिन कोलकातामा हुने भनिएको मेट्रो परियोजनाहरुको उद्घाटन कार्यक्रममा सामेल नहुने पुस्टि भएको छ। राज्य सरकारको एक वरिष्ठ अधिकारी अनुसार मुख्यमंत्रीले ‘नीतिगत कारणहरुले गर्दा कार्यक्रममा नजाने निर्णय गर्नुभएको हो।तृणमूल कांग्रेस सूत्र अनुसार, मुख्यमंत्रीको यस निर्णयपछि तीन प्रमुख कारण बताइएको छ| जसमा पहलो कारण, पार्टीको आरोप छ कि भाजपा शासित राज्यहरुमा केन्द्र सरकारले बंगाली भाषीहरुसित भाषागत भेदभाव गरिरहेको छ, त्यसर्थ ममता बनर्जी केंद्रीय नेताहरुसित कुनै मंच साझा गर्न चहन्दैनन|  दोस्रो कारणमा उद्घाटन भइरहेको जुन परियोजनाहरु ममता बनर्जी रेल मंत्री रहदा नै स्वीकृत र वित्तपोषित भएको थियो। पार्टीको आरोप छ कि भाजपा 2026 विधानसभा चुनाव अघि अधुरा कार्यहरु हतार गरी देखाउने कोशिश गरिरहेको छ।अर्को कारणमा भनिएको छ मुख्यमंत्री यस्ता कुनै कार्यक्रममा सहभागी हुन चहन्दैनन, जहां केंद्र सरकार चुनावी लाभका लागि अधूरा परियोजनाहरुको उद्घाटन गरिरहेका छन्|

**डेंगूको मामिला**

राज्यमा डेंगूको मामिलामा भारी बढ़ोतरी दर्ता गरिएको छ । राज्य स्वास्थ्य विभागका एक अधिकारीले बताए अनुसार पछिलो 20 दिनमा 16 जिल्लाबाट 1,633 नयाँ मामिला अघि आएको छ । जसमा दक्षिण बंगालको 15 जिल्ला अधिक प्रभावित छ, जबकि उत्तर बंगालमा मालदा एकमात्र प्रभावित जिल्ला हो।अधिकारी अनुसार, मुर्शिदाबाद, बांकुड़ा, उत्तर 24 परगना, हुगली, हावड़ा अनि कोलकातामा संक्रमण तिब्रताको साथ फैलिरहेको छ। मुर्शिदाबादमा सबैभन्दा  बड़ी 382 नयाँ मामिला दर्ता गरिएको छ अनि कुल संक्रमितहरुको संख्या 851 पुगेको छ । कोलकातामा हालसम्म 328 मामिला अघि आएको छ  ।दक्षिण कोलकाताको पर्णश्री क्षेत्रमा एकजनाको डेंगूका कारण मृत्यु भइसकेको छ। स्वास्थ्य विभागको तथ्यांक अनुसार, वर्ष 2022 मा राज्यमा 67,271 डेंगूबाट संक्रमित थिए। 2023 मा पछिलो 12 वर्षको सबैभन्दा ठुलो प्रकोप देखिएको थियो, जब एक लाख सात हजार मामिला दर्ता भएको थियो।

**अनित थापा -मलय घटक**

20% बोनसको मांग गर्दै कोलकातामा अनित थापाले श्रम मन्त्री मलय घटकसित भेट गर्नुभयो। एक प्रेस बिज्ञप्ति जारी गर्दै जिटिए प्रमुखले भेटघाटको औचित्य दार्जिलिङ चिया बगान श्रमिकहरुको बोनस मुद्दाको समाधान र २०% बोनसको माग विषय रहेको जानकारी दिनुभयो। भेटघाट अवधि उहाँले मन्त्रीलाई आधिकारिक पत्र सोम्पनु भयो। पत्रमार्फत दार्जिलिङका चिया बगान श्रमीकहरूले वर्षेनी पाउने बोनसको भुक्तानीमा देखिएको समस्या तर्फ मन्त्रीको ध्यानाकर्षण गराएको उहाँले बताउनु भएको छ। पत्रमा जिटिए प्रमुखले प्रत्येक वर्ष, पूजा पर्व नजिकिँदै गर्दा बोनसमा हुने ढिलाइ, बिवाद र समस्याका कारण श्रमिकहरूले अन्यौलता, चिन्ता र दुःख झेल्नुपरेको बताउनु भएको छ। पत्रमा दार्जिलिङको चिया बगानका श्रमिकहरू विश्वप्रसिद्ध चियाको सफलताको मेरुदण्ड हो तर उनीहरूले आफ्नो अधिकार पाउन हरेक वर्ष संघर्ष गर्नुपरेको तथ्यको उल्लेख गरिएको छ। यसका साथै यस वर्ष श्रमिकहरूले २०% बोनसको माग गरेको पनि पत्रमा बताइएको छ।

**अजय एडवर्ड्स**

इण्डियन गोर्खा जनशक्ति फ्रण्टका प्रमुख संयोजक अजय एडवर्ड्सले सामूहिक एकता,सद्भावना अनि सहयोगले मात्रै पहाड़को उन्नति हुने बताउनुभएको छ। आज श्री एडवर्ड्सले तुङसुङ क्षेत्रमा निर्माणाधीन गोर्खाल्याण्ड पुलमा आफ्नो श्रमदान साथै भ्रमणको क्रममा यस्तो बताउनु भएको हो। अजय एडवर्ड्स अनि तुङसुङ क्षेत्रको 32 वटा समाजहरुको संयुक्त प्रयासमा पुलको निर्माण भइरहेको छ । श्री एडवर्ड्सले बनिदैँ गरेको पूलको गुणवत्ताको जाँच गर्नुभयो । पार्टीको सिद्धान्त "आफ्नो गाउँ आफै बनाऊ" भन्ने बचनलाई यथार्थमा परिणत गर्दै गाउँलेको श्रमदानबाट बनिदैँ गरेको पूल निर्माण कार्यमा सबैको सहभागिताको श्री अजय एडवर्ड्सले सराहना गर्नुभयो। यसका साथै भविष्यमा यस पूलले क्षेत्रवासीको सामाजिक साथै आर्थिक उन्नतिमा मद्दत पुग्ने कुरामा पनि उहाँ आशावादी देखिए । IGJF पार्टीले भविष्यमा पनि यस्ता धैरै पूलहरु निर्माण गर्ने साथै धैरै ठाउँहरुमा हालै यस्ता पूलहरु निर्माण भइरहेको पनि श्री एडवर्ड्सले जानकारी दिनु भयो।

**सोनादा खोङ खोला पम्प हाउस**

हिजो दुइजना युवाहरूको पौडी खेल्ने क्रममा मृत्यु भएपछि सोनादा खोङ खोला पम्प हाउसका तीनजना सुरक्षा कर्मीहरूलाई दार्जीलिङ नगरपालिकाले  निलम्बित गरेको छ। उक्त पम्प हाउसमा हिजो दुइजना युवाहरूको पौडी खेल्ने क्रममा मृत्यु भएको थियो। दार्जीलिङ नगरपालिकाका अध्यक्ष दिपेन ठकुरीले मृतक परिवारहरु प्रति संवेदना प्रकट गर्दै उक्त घटनाको जाँच शुरू गरिसकेको बताउनु भएको छ। खोङ खोला पम्प हाउस हाल नगरपालिकाको अधिनमा नै रहे पनि  उक्त पम्प हाउस अचल अवस्थामा रहेको पनि जानकारी प्राप्त भएको छ । हिज सुनादा क्षेत्रका पाँच जना युवाहरू खोङ खोला पम्प हाउसमा पौडी खेल्न गएका थिए।त्यसै पौडी खेल्ने क्रममा दुई युवाहरूको मृत्यु भएको थियो।खोङ खोला पम्प हाउसको मरमतीको निम्ति पहल चलि रहेको जानकारी  ठकुरीले दिनु भएको छ ।मरमती पछि दार्जीलिङ शहरमा पानीको समस्या केही हद सम्म समाधान हुने नगर अध्यक्ष दिपेन ठकुरीले जानकारी दिनुभएको छ।

**पर्यटकको मृत्यु**

हावडाबाट आएका एकजना पर्यटकको खरसाङमा निधन भएको छ। उक्त पर्यटकको निधन खरसाङ क्षेत्रको कुनै एउटा होम स्टेमा भएको बताइएको छ। उक्त पर्यटकको नाम सपरानिल च्याटर्जी (पिता इन्द्रनिल च्याटर्जी) रहेको बताइएको छ। उक्त पर्यटकको पार्थिव शरीरलाई खरसाङ महकुमा अस्पतालमा ल्याएर पोस्टमोर्टमको लागि उत्तर बंगाल मेडिकल कलेज पठाइएको जानकारी प्राप्त भएको छ। खरसाङ पुलिसबाट प्राप्त जानकारी अनुसार उक्त पर्यटक आफ्ना पिता र अन्य पाँचजना साथीहरुसित तीन दिन अघि खरसाङ घुम्न आएका थिए भने खरसाङ क्षेत्रमा रहेको एउटा होम स्टेमा बसेका थिए। उनी आज बिहान 5 बजीतिर तीन तलाको टेरसबाट तल झरेका थिए अनि उनलाई खरसाङ पुलिसद्वारा खरसाङ महकुमा अस्पतालमा ल्याइएको थियो। डाक्टरले उनलाई मृत घोषित गरियो|

**नेपाली भाषा मान्यता दिवस**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका उच्च अधिकृतको स्वीकृतिअनुसार, गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको क्षेत्राधिकारअन्तर्गत रहने सबै शैक्षणिक संस्था (सरकारी र निजी दुवै) जस्तै प्राथमिक विद्यालय, माध्यमिक विद्यालय, उच्च माध्यमिक विद्यालय, विशेष शिक्षा केन्द्र, माध्यमिक शिक्षा केन्द्र, मोंटेसरी आदि "नेपाली भाषा मान्यता दिवस" को अवसरमा २० अगष्ट २०२५ मा बन्द रहनेछ। आज एक आधिकारिक सुचना जारी गर्दै जी टि ए प्रशासनले यस आशयको जानकारी दिएको हो|

**नेपाली साहित्य सम्मेलन**

नेपाली साहित्य सम्मेलन, दार्जीलिङले आगमी २० अगस्तको दिन सम्मेलनको सूधपा सभागृहमा नेपाली भाषा मान्यता दिवस भव्यताकासाथ सम्पन्न गर्ने भएको छ। यस अवसरमा, भाषा संग्रामी व्यक्तित्व एकजनालाई सम्मान सम्बर्द्धना जनाइने परम्परालाई यथावत कायम राख्दै यसवर्ष दिवंगत भाषा संग्रामी रतन मोथेलाई मरणोपरान्त सम्मान संवर्द्धना प्रदान गरिने भएको छ । यसै अवसरमा कविवर प्रेम शेर्पा ' विरोकी' स्मृति युवा पुरस्कार पनि प्रदान गरिने निश्चय भएको छ। गत १४ अगस्तको दिन बसेको पुरस्कार चयन समितिद्वारा सम्मेलनमा प्राप्त पुस्तकहरूबाट यसवर्ष कवयित्री कृतिका दाहालको आंखा कविता संग्रह चयनित गरिएको छ। पुरस्कृत कवयित्रीलाई अलङ्करण पत्र, स्मृति चिन्ह, अङ्गवस्त्र र पुरस्कार राशि प्रदान गरिनेछ।

****** ० ******